# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस १८ गते, २०८१ साल (संख्या ४५

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

नेपाल सरकारले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समन्वय समितिको सिफारिसमा देहायका वित्तीय संस्था तथा गैरवित्तीय पेशाकर्मी वा व्यवसायीसँग सम्बन्धित निकायलाई सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकाय तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | वित्तीय संस्था तथा गैरवित्तीय पेशाकर्मी वा व्यवसायी | नियमनकारी निकाय |
|---|---|---|
| १. | सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्ने व्यवसायी | नेपाल राष्ट्र बैंक |
| २. | सामाजिक सुरक्षा कोष | |
| ३. | सवारी साधन बिक्री गर्ने व्यवसायी | यातायात व्यवस्था विभाग |
| ४. | इन्भेष्टमेन्ट कम्पनी,<br>(क) पाँच करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी वा दश करोड रुपैयाँ वा सोभन्दा बढी वार्षिक कारोबार भएका इन्भेष्टमेन्ट कम्पनीको हकमा २०८१ पुस मसान्तदेखि,<br>(ख) पाँच करोड रुपैयाँ भन्दा कम चुक्ता पुँजी वा दश करोड रुपैयाँ भन्दा कम वार्षिक कारोबार भएका इन्भेष्टमेन्ट कम्पनीको हकमा जोखिमको आधारमा नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि। | नेपाल धितोपत्र बोर्ड |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

नेपाल सरकारले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूचीको क्रमसङ्ख्या ३ ले दिएको अधिकार प्रयोग गरी देहायका कसूरलाई सम्बद्ध कसूरको रुपमा तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) मानव तस्करी सम्बन्धी,
(ख) हुन्डी सम्बन्धी,
(ग) अभौतिक (भर्चुअल) मुद्रा प्रयोग सम्बन्धी,
(घ) अनुचित लेनदेन सम्बन्धी,
(ङ) खेलमा मिलेमतो तथा अनियमितता सम्बन्धी,
(च) अनुमतिपत्र नलिई क्यासिनो सञ्चालन सम्बन्धी ।

**आज्ञाले,**
**डा. कृष्णहरि पुष्कर**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।